नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :
मिति :

## प्रेस विज्ञप्ति

आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटमा उल्लिखित कार्यक्रम कार्यान्वयनको लागि कार्ययोजना तयार भई २०७५ साउन १ गतेबाट लागू भैसकेको छ । विभिन्न मन्त्रालय/निकायहरुबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्तुत गरिएको कार्ययोजना कार्यान्वयनको सम्बन्धित निकायबाट अनुगमन हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उक्त अनुगमनको समेत अनुगमन गरिने व्यवस्था भएबमोजिम आज मिति २०७५ साउन ३ गतेका दिन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलको स्थलगत निरीक्षण गरी महत्वपूर्ण आयोजनाको अनुगमनको पनि अनुगमन गर्ने कार्यको शुभारम्भ गर्नुभयो। निरीक्षणका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले हालसम्म उक्त विमानस्थल निर्माणको भौतिक पूर्वाधारतर्फ करिव पन्ध्र प्रतिशत कार्यसम्पादन भएकोमा प्रसंशा गर्दै प्रदेश सरकार, स्थानीय सरकार र आम नागरिकलाई विमानस्थल निर्माणमा सहयोग पुर्याउनु भएकोमा धन्यवाद दिनुभयो । स्थलगत निरीक्षणको क्रममा मन्तव्य दिनु हुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको मापदण्ड अनुरुप हुनेगरी निर्माण गर्नको लागि आवश्यक पर्ने पूर्वाधार, निर्माण सामाग्री, इक्विपमेन्ट र आवश्यक परेमा थप जग्गा प्राप्तिको प्रकृया समेत अघि बढाउन र यो विमानस्थल सन् २०२१ जुलाई भित्रमा परिक्षण उडान गर्न सक्नेगरी निर्माण कार्यलाई अघि बढाउन निर्देशन दिनुभयो ।

मिति: २०७५।०४।०३

(विनोदबहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np